**बैठक नं.६**

आज मिति २०८०/०८/२९ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढ़काल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | निमित्त प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ६.१

मिति २०८०/७/२२ मा बसेको बैठकको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ६.१

- सार्वजनिक पूर्वाधार सम्पत्ति व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय राजपत्रमा समेत प्रकाशित गरिएको ।
- गौशाला संचालन तथा व्यवस्थापनका लागि आव्हान गरिएको प्रस्तावका सम्बन्धमा निर्णय लिइएको ।
- बसपार्कमा रहेको शपिङ्ग कम्प्लेक्सको पहिलो तला र दोस्रो तलामा रहेका सटरहरु बहाल बन्दोबस्तीका लागि बोलपत्र आव्हान गर्ने गरी निर्णय लिइएको र टेण्डर समेत आव्हान भइसकेको ।
- विज्ञापन करको लागि बोलपत्र आव्हान गर्ने गरी निर्णय लिइएको र टेण्डर समेत आव्हान भइसकेको ।
- पूर्नप्रयोग (कवाडीजन्य) योग्य सामग्री व्यवस्थापन कार्यविधि, २०८० टेबुल गरिएको ।
- समितिहरुलाई पूर्णता दिने सम्बन्धमा आवश्यक निर्णय लिइएको ।
- बहुवर्षिय आयोजना अर्न्तगत ६ नं. वडाको वडा कार्यालय भवन निर्माण प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिइएको ।
- वडा नं. १२ स्थित नयागाउँ मा.वि. को भवन निर्माण प्रयोजनका लागि न.पा.ले २०% लागत सहभागिताको प्रतिवद्धता जनाउने गरी निर्णय लिइएको ।
- वडास्तरमा समेत विपद् व्यवस्थापन समिति गठन गरी क्रियाशिल गराउने निर्णय गरिएको ।
- चमेनागृहको म्याद थप गरिएको ।
- शुभदिपावली २०८० मनाउने सम्बन्धमा आवश्यक निर्णय लिइएको ।
- योजना सम्झौताको म्याद २०८० मंसिर १५ गते सम्म थप गर्ने गरी निर्णय लिइएको ।
- जाजरकोट र रुकुम जिल्लाका भुकम्प प्रभावित क्षेत्रका बासिन्दाहरुलाई तात्कालिन राहतका लागि राहात सामग्री पठाइएको व्यहोरा जानकारीमा लिइएको ।

प्रस्ताव नं. ६.२

नगरसभाको १४ औं अधिवेशन बस्नका लागि मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. ६.२

बुटवल उपमहामनगरपालिकाको नगरसभाको १४ औं अधिवेशन देहायको मिति, समय र स्थानमा बस्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

मिति :- २०८०/९/११ गते बुधबार ।

समय :- दिनको २:०० बजे ।

स्थान :- बुटवल उपमहानगरपालिका सभाहल ।

प्रस्ताव नं. ६.३

आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० मा संशोधन सम्बन्धमा ।

निर्णय नं. ६.३

मिति २०८०/०६/२१ मा बसेको नगरकार्यपालिकाको चौथो बैठकको निर्णय नं. ४.२ बाट स्वीकृत आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० को अनुसूची ४ को बुदा नं. २ मा माध्यमिक तह (कक्षा ९ देखि १२) संचालन भएका विद्यालयलाई सहायक कर्मचारी (प्रशासन र लेखा) लाई संघीय सरकारबाट प्राप्त हुने अनुदान थप समेत गरी रु.२०५००।- उपलब्ध गराउने भनी निर्णय हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६.४

म्याद थप सम्बन्धमा ।

निर्णय नं. ६.४

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत मौजुदा जनशक्तिबाट मात्र नगरकार्यपालिकाको कार्यालयको मुख्य प्रशासनिक भवनको सरसफाई कार्य संम्भव नभएका कारण मिति २०७९/८/७ गते देखि निजी क्षेत्र मार्फत सरसफाईको कार्य गरिदै आएकोमा निजी क्षेत्रसंगको सम्झौताको म्याद समाप्त हुने अवधिलाई एकिन गरी मिति २०८०/७/२० मा निजी क्षेत्रबाटै सरसफाई कार्य गराउने गरी बोलपत्र आव्हानको सूचना प्रकाशित भएको हुँदा आव्हान गरिएको सरसफाई टेण्डर प्रक्रियाको टुङ्गो नलाग्दा सम्म मौजुद्रा सम्झौताका शर्त तथा प्रावधान बमोजिम नै हुने गरी हाल सरसफाईको कार्य गरिरहेको संस्था स्पोटलेस क्लिनिङ्ग सर्भिस तिलोत्तमा ११

रुपन्देहीबाटै सरसफाईको कार्यलाई निरन्तरता दिने गरी मिति २०८०/८/५ मा कार्यालयबाट निर्णय भई अनुमोदनका लागि पेश हुन आएको हुँदा उक्त निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं. ६.५. विविध ।**

**प्रस्ताव नं. ६.५.१**

चमेनागृहको म्याद थप सम्बन्धमा ।

**निर्णय नं. ६.५.१**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय परिसर भित्र संचालनमा रहेको चमेनागृहको विगतमा नगरकार्यपालिका बैठकबाट म्याद थप भएको र हाल नयाँ भवनमा प्रतिस्पर्धात्मक विधिबाट चमेनागृह संचालनका लागि टेण्डर प्रकाशित भइसकेको हुँदा उक्त टेण्डरको टुङ्गो नलागेसम्म साविक बमोजिमकै शर्त प्रावधान बमोजिम हुने गरी हाल संचालनमा रहेको चमेनागृहको मिति २०८०/९/२५ गतेसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.५.२**

योजना सम्झौताका लागि म्याद थप गर्ने सम्बन्धमा ।

**निर्णय नं. ६.५.२**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. ०८०/०८१ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम मध्ये उपभोक्ता समितिहरु मार्फत संचालन एवं कार्यान्वयन हुने आयोजनाहरुको सम्झौता गर्ने अवधी नगरकार्यपालिकाको बैठकबाट २०८० मंसिर १५ गते सम्मका लागि तोकिएको र उपभोक्ता समितिहरु सम्झौता गर्न निरन्तर आइरहेको हुँदा योजना सम्झौताका लागि मिति २०८० पौष मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.५.३**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं. ६.५.३**

बुटवल उपमहानगरपालिका वडा नं. ११ स्थित हात्तीसुढ टोल विकास संस्थाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट माग भए बमोजिम मिति २०८०/२/१६ मा उक्त टोल विकास संस्थाका सिलबन्दी कागजातहरु आयोगको कार्यालयमा पठाइएकोमा सो कार्यालयको च.नं. १३७६५ मिति २०८०/५/३१ को पत्र सहित उक्त सिलबन्दी कागजातहरु पुन: यस कार्यालयमा फिर्ता भई आएको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट प्राप्त उक्त पत्रमा टोल विकास

संस्थाको नियमन, अनुगमन, निर्देशन तथा खारेजी गर्न सक्ने अधिकार प्राप्त भएकाले भन्ने विषय समेत उल्लेख भई आएकोले कार्यालयमा रहेको उल्लेखित टोल विकास संस्थाको सिलबन्दी कागजातहरु रित पूर्वक खोली सुष्म हिसाबले अध्ययन विश्लेषण गरी राय सहितको प्रतिवेदन दिनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११ - संयोजक
- श्री प्रदिपकुमार श्रेष्ठ, वडाध्यक्ष, वडा नं. ९ - सदस्य
- श्री नारायण प्रसाद पुन, वडाध्यक्ष, वडा नं.१३ - सदस्य
- श्री घनश्याम पन्त, कानून विज्ञ - सदस्य
- श्री शंकर ढकाल, सहायक निर्देशक, (आ.ले.प.) - सदस्य
- श्री बिजयदेव भुर्तेल, उपनिर्देशक - सदस्य सचिव

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।